अनुसूची - २

(दफा ४.१ सँग सम्बन्धित आवेदनको ढाँचा)

# हेटौडा उपमाहानगरपालिका, नगर कार्यपालिकको कार्यालय

हेटौडा, मकवानपुर

प्रदेश नं. ३ नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७5/२/२५)

हेटौडा उपमाहानगरपालिकाका लागि **शहरी पूर्बाधार बिकास** तथा **भूमी व्यवस्थापन तथा भवन नियमन महाशाखा** अन्तर्गत रहने गरी देहाय बमोजिमका पदहरूमा देहायको सङ्ख्या र योग्यता भएको प्राविधिक कर्मचारी २०76 आषाढ मशान्त सम्मका लागि करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयसम्म दरखास्त दिन हुन सम्वन्धित सवैका लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फाराम कार्यालयबाट वा वेवसाइट www.hetaudamun.gov.np बाट निशुल्क उपलब्ध हुनेछ ।

| पद नाम | तह | सङ्ख्या |
|---|---|---|
| इन्जिनियर | अधिकृत स्तर छैठौं (प्रा ) | 6 |
| सब इन्जिनियर | सहायक स्तर पाँचौं (प्रा ) | १० |

क. <u>**शैक्षिक योग्यता र अनुभव:**</u>

१. नेपाली नागरिक ।

२. न्यूनतम शैक्षिक योग्यताः लोकसेवा आयोगद्वारा निर्धारण गरिए अनुसारको नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट न्यूनतम शैक्षिक योग्यता हासिल गरेको ।

३. पुरुषको हकमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

५. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**ख. दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेस गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

**ग. अन्तरबार्ता मितिः** दरखास्त बुझाउने अन्तिम मितिमा प्रकाशित गरिनेछ ।

**घ. सेवाका शर्तहरूः** (क) इन्जिनियर पदको पारिश्रमिक मासिक रू ३०,५००।०० (प्रचलित नियमानुसार लाग्ने कर सहित )उपलब्ध हुनेछ ।

(ख) सब इन्जिनियर पदको पारिश्रमिक मासिक रू २३,५००।०० (प्रचलित नियमानुसार लाग्ने कर सहित) उपलब्ध हुनेछ ।

(ग) मासिक २ दिन बिदा दिन सकिनेछ ।तर उक्त बिदा सञ्चित हुने छैन ।

(घ) कार्यालयको कामको सिलसिलामा कार्यालयको आदेशानुसार जिल्ला बाहिर गै काम गर्नु पर्दा नियमानुसार समान तहले पाउने दै भ्र भत्ता उपलब्ध गराउने छ ।

(ङ) शहरी पूर्बाधार बिकास महाशाखा र भूमि ब्यबस्थापन तथा भवन नियमन महाशाखा अन्तर्गत रही काम गर्नु पर्नेछ ।